bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।

सम्पर्क : ०६५-५६३९०७

Email : bhanjyangdml@gmail.com

वर्ष ४१ अंक २४१ | २०७९ माघ ०८ गते आइतबार, नेपाल सम्वत् ११४३ January 22, 2023 | पृष्ठ ४ | मूल्य : रू. ५/-

# क्रसर उद्योग बन्दभएपछि खानीमदजुरको दैनिकी असहज बन्दै

## श्रम अनुसारको मूल्य पाउन सकेका छैनौं : खानीमजदुर

**नारायण खड्का**/तनहुँ

गृह मन्त्रालयले मापदण्ड विपरितका क्रसर उद्योग बन्द गराउन सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरेसंगै अहिले तनहुँमा सञ्चालनमा रहेका २० वटा क्रसर उद्योग बन्द गरिएको छ । सरकारले अर्को निर्णय नगरेसम्म क्रसर उद्योग सञ्चालनमा आउने अवस्था छैन । कानुन विपरीत ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन तथा दोहन कार्यलाई नियमन गर्न, वातावरण संरक्षण ऐनको पालना र यस सम्बन्धमा अदालतबाट भएको आदेश कार्यान्वयन गराउन स्थानीय प्रशासनले क्रसर उद्योग बन्द गरेपछि यससंग जोडिएका खानी मजदुरको दैनिकी भने असहज बन्न पुगेको छ ।

हुँदा खाने र गरिखानेको दैनिकी छुट्टै छ । काम अनुसारको ज्याला त कमैले पाउँछन्। कतिले त त्यो पनि समयमै नपाउँदा कष्टकर दैनिकी गुजार्नुपर्ने बाध्यता यथावत नै छ। यो वर्गको समस्या समाधानका विषयमा कही कतै चर्चा त हुन्छ होला तर, मजदुरको पीडा न कसैले देख्छ, न कसैले सुन्छन् ।

तनहुँको शुक्लागण्डकी नगरपालिकाको करिब ७/८ किलोमिटर दुरीको क्षेत्रमा सेती नदी बग्छ । यही सेती नदीसंग धेरैको वर्तमान र भविष्य जोडिएको छ । सेती नदीबाट नदीजन्य वस्तु उत्खनन् गरी केही व्यक्तिको रातारात जीवनस्तर उकासिएको पनि छ । तर, यही नदीको बगरमा खानी मजदुरका रूपमा दुईतिन पुस्ताले मजदुरी गरेपनि उनिहरूको जीवनस्तर माथि उठ्न सकेको छैन।

शुक्लागण्डकीको दुलेगौंडा बजार नजिकै शाँखर घाट छ । यो घाटमा बिहान ५ बज्दा नबज्दै चहलपहल सुरू हुन्छ । हातमा गैची, बेल्चा, कोदालो लगायतका औजार बोकी बालबालिका, युवायुवती मात्र होइन ७० वर्ष उमेर नाघेका वृद्धवृद्धा समेत यही घाटको गिट्टीबालुवासंग हातेमालो गरी आफ्नो दैनिक चालउन व्यस्थ देखिन्छन् ।

गिट्टीबालुवा उत्खनन् गरी दिनमा मुस्किलले ७ सय रूपैयाँसम्म कमाउने मजदुरहरू राम्रो माल (गिट्टीबालुवा) पाउनु पनि भाग्यको खेल हो भन्छन् । तर, अहिले सरकारले क्रसर उद्योग बन्द गरिदिएपछि जसोतसो उत्खनन् गरेको माल पनि सहजै बिक्री नहुने खानीमजदुर मञ्जु ब्रामी बताउँछिन्।

'बगरसंगको साइनो पुरानो भइसक्यो', मञ्जु भन्छिन्, 'आमाबुबाले यहि बगरबाट बालुवा (चोकर) निकालेर हामीलाई हुर्काउनु भयो । उहाँहरूसंगै आउँदा मैलेपनि यहि काम गर्दै आएकी छु।'

'नदी किनारमै दिन बिताउँदा महिनामा १०/१५ हजार रूपैयाँ कमाई हुन्छ । हामीले निकालेको चोकर टिपर/ट्याक्टर आएर लगिदिए एक ट्याक्टरको सात सय रूपैयाँ पाउछौं', उनले भनिन्, 'धेरै बालुवा चाल्न सके दिनमा तीन ट्याक्टरजति उठाउन सक्छौं। न चिसो न गर्मी केही भन्न पाइएन। पेटका लागि संघर्ष गर्नै पर्‍यो । जति मेहनत गर्छौ त्यसको मुल्य भने पाउन सकेका छैनौं ।'



तनहुँको शुक्लागण्डकी नगरपालिकाको दुलेगौंडा स्थित सेती नदी किनारको शाँखर घाटमा बालुवा निकाल्दै गरेका खानी मजदुरहरू । *तस्विर : नारायण/भञ्ज्याङ*

मञ्जु मात्र होइनन् उनीजस्तै धेरै गरिखाने मजदुरहरू माघ महिनाको चिसो कठाङ्ग्रिने जाडोको कुनै प्रवाह नगरी नदी किनारको घाटमा बालुवा चाल्न आइपुग्छन्। कसैको त दुई/तीन पुस्तानै घाटमा बालुवा चालेर बिताएको बताउँछन्। स-साना बच्चा च्यापेका आमाहरूदेखि बृद्धबृद्धा र आमाबुबालाई सघाउनका लागि बालबालिका पनि घाटमा बालुवा चाल्दै गरेको देखिन्छ । यहि भिडमा थिइन् शुक्लागण्डकी-२ की ६४ वर्षीया थिनामाया अधिकारी र उनका श्रीमान् ६७ वर्षीय डम्बरबहादुर अधिकारी ।

पाँच सन्तानकी आमा थिनामाया छोराछोरी हुर्किएपछि बुढा भएका बाआमालाई नहेर्ने गरेको गुनासो पोखिन । हात खुट्टा चलिन्जेल आफैले कमाएर खाने सोच गर्दै भोजपुरबाट यो बगरमा विगत ६ वर्षदेखि बालुवा चाल्दै आएको उनले सुनाइन । 'छोरा पाए बुहारीलाई छोरी पाए

बाँकी तेश्रो पेजमा

# एसईई परीक्षा दिने विद्यार्थीको विवरण पेश गर्न व्यासको निर्देशन

## स्थानीय धावकहरू बीच मानुङ-पुलिमराङ म्याराथन गरिने

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको व्यास नगरपालिकाले नगर क्षेत्रभित्रका विद्यालयलाई एसईई परीक्षा दिने विद्यार्थीको विवरण १० दिनभित्र पेश गर्न निर्देशन दिएको छ । नगरप्रमुख बैकुण्ठ न्यौपानेको अध्यक्षतामा शुक्रबार बसेको नगर कार्यपालिकाको बैठकले नगरपालिका भित्रका माध्यमिक विद्यालयमा २०७८/०७९ मा एसईई परीक्षा दिने विद्यार्थीहरूका गणित, विज्ञान, अंग्रेजी विषयको विद्यार्थी विवरण, नतिजाको अवस्था र सम्बन्धित शिक्षकहरूको विवरण १० दिन भित्र पेश गर्न शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरेको हो ।

**सडक बोर्ड अन्तर्गत मर्मतसम्भार गर्नुपर्ने बाटोहरूको प्राप्त स्रोत सीमाभित्र रही लगत इष्टमेट तयार गरी माघ मसान्तभित्र पेश गर्न सम्बन्धित शाखाहरूलाई निर्देशन**

यस्तै, कार्यपालिकाले यस वर्ष स्थानीय धावकहरू बीच मात्र मानुङ-पुलिमराङ अल्ट्रा म्याराथन प्रतियोगिता गर्ने भएको छ । व्यास नगरपालिकाले प्रत्येक वर्ष माघ १६ गते सहिद दिवसका दिन आयोजना गर्दै आइरहेको अल्ट्रा म्याराथन यस वर्ष पनि आयोजना गर्ने निर्णय गरेको छ।

नगरपालिकाले व्यास नगरपालिका-५ मानुङदेखि व्यास नगरपालिका-८ पुलिमराङसम्म अल्ट्रा म्याराथन गर्दै आएको छ । विगतका वर्षहरूमा देशभरका धावकको सहभागिता रहने प्रतियोगितामा यस वर्ष भने स्थानीय धावकको मात्र सहभागिता रहने नगरपालिकाका प्रवक्ता जीवन गुरूङले बताए । खर्चलाई मितव्ययी बनाउन यसपटक स्थानीय धावकको सहभागितामा मात्र प्रतियोगिता आयोजना गर्ने निर्णय गरिएको उनले बताए ।

यस्तै, नगरपालिकाले विगतका वर्षमा भन्दा यस वर्ष प्रतियोगिताको पुरस्कार राशि घटाउने भएको छ। त्यसका लागि केही दिनमा पुरस्कारको राशि निर्धारण गरिने गुरूङले बताए । गुरूङका अनुसार 'मितव्ययी तरिकाले प्रतियोगिता सम्पन्न गर्न यो निर्णय गरेका हौ, समिति बनाएर पुरस्कारको राशी निर्धारण गरिन्छ।'

बाँकी अन्तिम पेजमा

# बाख्रा पालेरै जीविकोपार्जन

**भञ्ज्याङ समाचारदाता**/म्याग्दे

चिमखानाका कृष्ण खड्काले बाख्रा पालेरै नै जीविकापार्जन गर्दै आएका छन् । म्याग्दे गाउँपालिका-५, स्थित चिमखानका कृष्णले बिगतदेखिनै बाख्रा पालेर जीविकोपार्जन गर्दै आएका हुन् । कृपा कृषि तथा पशु फर्म दर्ता गरेर वाख्रा पालन गरेका कृष्ण खड्काले २८ वटा बाख्रा पालेका छन् । घरमा श्रीमती, छोरा र बुवाआमा सहित कृषिमा



लागेको खड्का बाख्रा पालनमा लागेको वर्षौं भईसक्यो ।

'जहाँ गएपनि केही न केही गर्नुपर्दछ, त्यो भन्दा आफ्नो गाउँमा नै बाख्रा र कृषि पेशामा लागेको हुँ', कृष्णले भने, 'लगातारको प्रयासले हाम्रो जीविकोपार्जन बाख्रा पालनबाट सहज भएको छ। घरमा खाली बस्नुपरेको छैन। आम्दानीको श्रोत राम्रो बनेको छ ।'

'काममा दत्तचित्त भएर लागे पैसा कमाउन विदेश जानु नपर्ने रहेछ', कृषक कृष्णले भने, 'मासिक ७ हजार भन्दा बढि वाख्रा पालनमा खर्च हुने गर्छ । आफ्नै जग्गामा बाख्राका लागि घाँस लगाएको छु। स्थानीय जातका बाख्राको मुल्य राम्रो हुने र जोखिम पनि कमहुने हुँदा व्यवसाय सन्तोषजनक छ ।'

उनले भने, 'खर्च कटाएर राम्रै आम्दानी हुने र वजारमा कुनै समस्या आएको छैन । सरदरमा मासिक ३० हजार रूपैयाँ बराबरको आम्दानी हुने गरेको छ ।'

कृषक कृष्णले बाख्रा मात्र होईन, व्यवसायिक रूपमा तरकारी खेती पनि गर्दै आएका छन्। करिव ५ रोपनी क्षेत्रफलमा काउली खेती गरेका कृष्णले तरकारी बिक्रीबाट पनि राम्रो आम्दानी लिने गरेका छन् । वजार नजिक भएको र विषादीरहित तरकारी बेच्न आफै जाने हुँदा आम्दानी पनि राम्रौ लिने गरेका छन् । हालसम्म कुनै पनि संघसस्थाबाट अनुदान रकम नपाएको बताउने कृषक कृष्णले म्याग्दे गाउँपालिकाका अध्यक्ष, उपाध्यक्षको टोलीलाई बताए । कृषकलाई प्रोत्साहन गर्नका लागि विभिन्न कार्यक्रम ल्याउनुपर्ने समेत कृष्णले बताए ।

गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले कृष्णको कृषि र उत्पादनको प्रशंसा गरे । सबैले आफुलाई चाहिने न्युनतम् आवश्यकता उत्पादन तथा बिक्री गर्न सकियो भने कमाउन विदेशिनु नपर्ने अध्यक्ष श्रेष्ठले बताए ।

# इन्दिरा राना उपसभामुख निर्वाचित

**भञ्ज्याङ समाचारदाता**/काठमाडौं

संघीय संसद्को तल्लो सदन प्रतिनिधिसभाको उपसभामुखमा राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद इन्दिरा राना बहुमतले निर्वाचित भएकी छन् । शनिवार दिउँसो प्रतिनिधिसभामा सांसदहरूबीच भएको मतदानमा उनले १६६ मत प्राप्त गरी नेपाली कांग्रेसकी उम्मेदवार मुक्ताकुमारी यादवलाई पराजित गरेकी हुन् ।

२७५ सदस्यहरु रहेको प्रतिनिधिसभाको शनिवारको बैठकमा कुल २६४ सांसद उपस्थित थिए। रानालाई नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राष्ट्रिय प्रजातन्त्र पार्टी सहितका सत्ता गठबन्धनका दलहरूले समर्थन गरेका छन्। नेपालको संविधानले प्रतिनिधिसभाको सभामुख र उपसभामुखमध्ये एकजना महिला हुनुपर्ने र दुई पदमा फरक फरक दलका व्यक्तिहरु हुनुपर्ने व्यवस्था गरेको छ । सभामुखमा माघ ५ गते नै नेकपा एमालेका उम्मेदवार देवराज घिमिरे निर्वाचित



भएका छन्।

**को हुन् इन्दिरा राना ?**

५२ वर्षीया इन्दिरा राना मगर जन्मिएकी उनी पहिलो पटक राष्ट्रिय स्वतन्त्र पार्टीको समानुपातिकतर्फबाट प्रतिनिधिसभा सदस्य बनेकी हुन् । झापामा जन्मिएकी उनी पहिलो पटक सांसद बनेकी हुन् । राजनीतिमा आउनुअघि उनी गैरसरकारी संस्था बन्दी सहायता नेपालकी अध्यक्षका रूपमा परिचित अनुहार हुन्।

उक्त संस्थाले जेल सजाय भोगिरहेका महिलाहरूका कलिला सन्तानलाई शिक्षा, अधिकार र सुरक्षित बाल्यकाल प्राप्तिको लागि काम गरिरहेको छ । उक्त योगदानका लागि बीबीसीले रानालाई सन् २०१७ मा बीबीसी १०० विमिन अर्थात् सन् २०१७ का लागि प्रेरणादायी तथा सृजनशील महिलाहरूको सूचीमा राखेको थियो ।

उपसभामुखका लागि रानाको प्रस्तावक बनेकी उनको दल राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सोविता गौतमले उनलाई 'समाज रूपान्तरणको अथक प्रयासपछि निखारिएर राजनीतिमा आएको' व्यक्तिको रूपमा परिचित गराएकी थिइन् । ३ दशकदेखि उक्त काममा संलग्न रहेको बताउने रानाले त्यस

बाँकी अन्तिम पेजमा

# सम्भव छ सफा नेपाल

तपाइँ बिहान स्वस्थ श्वास फेर्दै आफ्नो विस्ताराबाट उठ्नु हुनेछ र आफैँ बिस्तारा मिलाएर सफा घरबाट 'मर्निङ वाक'का लागि निस्कनुहुनेछ । बाहिर निस्केपछि तपाइँ सफा भइसकेको बाटो र टोलका सफाइ मजदुरलाई धन्यवाद दिँदै अगाडि बढ्नुहुनेछ । 'मर्निङ वाक'बाट फर्केपछि सफा बाथरूममा नुहाई आफ्नो काम गर्ने स्थानमा पुग्दा घर जत्तिकै सफा पाउनुहुनेछ र सफा विचारले आफ्नो सुन्दर जिम्मेवारी पूरा गर्नुहुनेछ । हरेक साँझ आरामको निद्रा पाउनुहुनेछ तपाइँ आफैँले बिहान ठिक हालतमा राखेको बिस्तारामा । तपाइँ हरेक राति सफा र सकारात्मक विचार लिएर सुत्नुहुनेछ र मिठो निद्रा निदाउनुहुनेछ । अनि बिहानको दैनिकी पनि माथिजस्तै सुरू हुनेछ ।

नेपालका हिमाल पहाड तराईका हरेक बस्तीमा सफा र 'अर्ग्यानिक' भोजनालय हुनेछन् । त्यहाँ सफा र मिठो खाना खान पाइनेछ । सेफहरूले पाहुनालाई सफा भान्सा देखाउनेछन् (विदेशतिर हिजोआज 'ओपन किचेन' भन्ने गरिएको) र मिठो खाना पस्कनेछन् । सफा ठाउँमा बसेर मिठो खाना खाने पाहुनाको मिठो सपना पनि पूरा हुनेछ। यही हो हाम्रो स्वच्छ नेपाल, जहाँ विद्यालयका छात्रछात्रा, कार्यालयका महिला कर्मचारी र आफ्नो काममा हिँडेका बटुवा महिला सफा शौचालयमा शौच गर्न पाउने भएकाले घरबाट पर्याप्त पानी पिएर यात्रामा निस्कनेछन् । गुडिरहेको गाडीबाट कुनै यात्रुले फोहर जथाभावी फाल्ने छैनन् । सार्वजनिक स्थानमा अनिवार्य फोहर सङ्कलन गर्ने टोकरी (बिन) हुनेछन् र ती नियमित तालिकाअनुसार खाली र सफा गरिएको हुनेछ । सङ्कलित फोहर खेर फालिने छैन । सबै घर, कार्यालय, विद्यालय, स्वास्थ्यचौकी, कलकारखानाको फोहर बस्तीभन्दा अलि टाढा कुहिने र नकुहिने गरी अलगअलग टोकरीमा छुट्याएर राखिने छ । कुहिने फोहरले मल र ऊर्जा उत्पादन गरी गाउँघर मलिलो र उज्यालो बनाइनेछ भने नकुहिने वस्तुको उचित सदुपयोग गरी पुनःप्रयोग गर्न मिल्ने बनाइनेछ ।

देश जोड्ने लामा, छोटा राजमार्गका समुचित दुरीमा सफा शौचालयहरू हुनेछन् । एउटा गाउँसहरको फोहर अर्को गाउँसहर बोकेर लैजानुपर्ने छैन। भवन, नदी, खोलानाला, करिडोर सबै सफा, सुन्दर र प्राकृतिक बासनादार हुनेछन् । श्रदालुहरूका लागि मठ, मन्दिर, चैत्य गुम्बा, चर्च सबै उनीहरूका मन जस्तै सफासफा हुनेछन् । अनि हामी भन्नेछौँ– यही हो हाम्रो स्वच्छ सफा नेपाल, हाम्रो देश। हरेक धाराको पानी हिमालको जस्तै निस्फिक्री पिउन मिल्नेगरी सफा हुनेछ । हरेक हिमाल उक्लँदा र ओर्लँदा हामीले मानव निर्मित फोहरका भारी निर्दोश हिमाललाई बोकाउने छैनौँ । हाम्रो देशमा जन्म लिने हरेक शिशुले सफा र स्वस्थ सासको झोक्का लिनेछन् । सफा हुनेछ हाम्रो धर्ती । हाम्रो माटो र मातृभूमि। सरसफाइका लागि हामीसँग व्यावहारिक कानुन र नियम हुनेछन् र ती नियमहरू हामी कसैलाई दण्डित गर्न लागू हुने छैनन् । किनभने विना दण्ड जरिबाना नै सफा नियम सफा नियतमा बद्लिनेछन् र हाम्रो समाज सदा सफा रहनेछ । त्यसैले सम्भव हुनेछ सफा समाज अनि सफा नेपाल।

माथि व्यक्त विचार कल्पना र भावनाका उपज होइनन् । नत यी कुनै साहित्यिक रचना नै हुन् । यी पूर्णरूपले सम्भव विचार मात्र हुन् । किनभने हामीले 'सफा नेपाल सम्भव छ' भनेर सोच्नुको कारण पनि यही हो कि यो निसन्देह सम्भव छ । यो आधुनिक यान्त्रिक विज्ञानको जटिल अनुसन्धान नभएर हाम्रो नियमित जीवन शैलीलाई नियमन गरेर हाम्रो स्वस्थ्य मन र हृदयले खोजेको र गर्नसक्ने काम हो, सुन्दरता कल्पना मात्रै होइन । एउटा बहस गरौँ– नेपालको गाउँदेखि सहरसम्म व्याप्त फोहरमैलासहितका समस्यासँगै समाधानका सम्भावना खोज्ने के हुन सक्छन् ? यसका सम्भव र सकारात्मक उपायहरू किन अवलम्बन नगर्ने ? यो बहसले एकल प्रयासभन्दा माथि उठ्दै सामूहिकरूपमा अठोट गर्ने अवस्था सिर्जना गर्नेछ । यदि यसो भयो भने विश्वका उत्कृष्ट सफा सहर र देशमा नेपाललाई समाहित गर्न किन धेरै समय पनि लाग्नेछैन ।

स्पष्ट सरसफाइ नीति निर्माण, कार्यान्वयनको ठोस — विधि र मूर्त संयन्त्र निर्माण, तत्काल कार्यान्वयन र प्रत्यक्ष तथा परिणाममुखी अनुगमन । यी चार कामका बारेमा विस्तृत व्याख्या गर्न हामीले समय मात्र लगानी गर्नुभन्दा पनि योजना निर्माणमा लाग्दा सफा नेपाल सम्भव हुनेछ ।



• खेम शर्मा

फोहर व्यवस्थापन र फोहर पानी शुद्धीकरणसँगै पर्यावरणीय कामहरूका आधारमा सफा देशको सूचीकरण हुने गर्छ। सन् २०२३ लाग्नेबित्तिकैको ग्लोबल सफा इन्डेक्सअनुसार विश्वमा स्विट्जरल्याण्ड सफा देशको अग्रस्थानमा छ भने नेपाल 'टप १००' देश भित्रको सूचीमा पनि छैन । जबकि कुनैबेला विश्वकै बढी फोहर भएका देशको सूचीमा रहेर चिनिएका कतिपय देशहरूले एक दशककै प्रयासमा आफ्नो देशलाइ सफा देशको सूचीमा राख्न सफल भएका छन् । सफा सूचीको ४२औँ स्थानमा रहेको कोलम्बिया र ७०औँ स्थानमा रहेका श्रीलङ्काबाट नेपालले धेरै कुरा सिक्न सक्छ । यी देशहरूले पछिल्ला २० वर्षमा फोहर व्यवस्थापन र पानी शुद्धीकरणमा सुरक्षा क्षेत्रमा जति नै लगानी गरेको पाइन्छ ।

सफा नेपाल सम्भव बनाउनका लागि हामी नेपालीमा रहेको बेवास्ता, लापर्वाही तथा समस्याकैबीचमा सम्झौता गरेर बाँच्ने स्वभाव भने परिवर्तन गर्नैपर्छ । यो परिवर्तन सरकारमा बस्नेदेखि प्रतिपक्ष र तटस्थ बस्नेसम्म सबैमा समान ढंगले आउनु आवश्यक छन् । नेपाल प्रकृतिले दिएका अनुपम सम्पदाहरूले भरिपूर्ण देश हो । विश्वका मानिस नेपाललाई प्रकृतिको स्वर्ग भन्छन् । हामीसँग विश्वमा अरू कसैसँग नरहेको हावा, पानी र वनौषधिहरू छन् । हाम्रा हिमालमा स्वस्थ, सफा र स्वच्छ हावापानी छ । अधिकांश नदीहरू हिमालबाटै उत्पत्ति भएर बगेका छन्। पर्यावरणका यति धनी हामी सरसफाइका मापदण्डमा विश्वसामु सफा परिचयको पर्याय बन्न भने सकेका छैनौँ। संसारकै सफा देशको सूचकाङ्कको सर्वाधिक अग्रस्थानमा उभिन नसक्नु पक्कै पनि खुसीको कुरा होइन ।

**आफ्नो कथा आफ्नै अनुभव**

'सम्भव छ सफा नेपाल' अभियानको सुरूआत हामी आफ्नै अनुभवबाट गर्न चाहान्छौँ। यहाँहरू धेरैलाई थाहा छ या बिर्सिनु भयो केही वर्षअघि अस्ट्रेलियाबाट नेपाल फर्कंदा हामीले नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलामा गरेको सफाइ अभियानको चौतर्फी प्रशंसा भएको थियो । त्यो सफाइबाट हामीले सफाई कस्तो हुन्छ भन्ने एउटा नमुना नै प्रस्तुत गरेका थियौँ । अन्तर्राष्ट्रिय विमानस्थल विश्वका नागरिक नेपाल आउने र फर्किने प्रवेशद्वार भएकाले हामीले सबैसामु सफाइको नमुना पेस गर्न पनि विमानस्थल छानेका थियौँ । पहिलो पटक नेपाल अएको कोही विदेशीले नेपाल प्रवेश गर्नासाथ उसलाई हाम्रो देशप्रतिको दृष्टिकोण राम्रो बन्न सकोस् भनेर पनि हामीले त्यो काम गरेका थियौँ ।

त्यो हाम्रो कामबाट हामीले प्रशंसा पाएपछि अर्थात् सबैले राम्रो मानिदिनुभएपछि हामीले नेपालका सबै सम्माननीयसहित तीन सयभन्दा बढी राष्ट्रिय व्यक्तित्वको हस्ताक्षर सङ्कलन गरी तत्कालीन प्रधानमन्त्रीलाई बुझाएपछि नेपाल सरकारले विसं २०७५ लाई राष्ट्रिय सरसफाइ वर्ष घोषणा गरेको थियो । त्यसपछि नेपालको पर्यटन मन्त्रालयले सन् २०२० मा नेपालका दुई दर्जन विमानस्थलको सरसफाइको अनुगमनको जिम्मेवारी दियो र त्यो पनि हामीले नै सफलतापूर्वक सम्पन गरेका थियौँ। मलाई लाग्छ देशका विभिन्न विमानस्थलमा एक हदसम्मको सफाइको मापदण्ड हामीले स्थापित गराएका थियौँ । तर विमानस्थल प्रशासनहरूले त्यो गुणस्तरलाई कायम राख्न भने नसकेका देखिएकै छ ।

सरसफाइको अनुगमनपछि नेपालमा सरसफाइको खास समस्याको सम्बोधन गर्न २०२२ मा नेपाल सरकार पर्यटन मन्त्रालयको आयोजनामा हामीले सफाइकर्मीहरूका लागि आफ्नो पेसाप्रति गौरव गर्ने र सीपको मूल्याङ्कन हुनेगरी पहिलो पटक तालिम सञ्चालन गर्यौं । हाम्रो यो अभियानबाट हाल एक हजारभन्दा बढी मजदुर तालिमप्राप्त भइसकेका छन् र उनीहरू आ–आफ्नो काममा छन् । हामी चाहन्छौँ हरेक वर्ष राष्ट्रपतिले प्रदान गर्ने विभूषणमा अब सफाइकर्मीको पनि सम्मान हुनुपर्छ । सफाइकर्मी आफ्नो पेसाप्रति गौरव गर्न थालेका छन् र उनीहरूसँग यो पेसासँग समबन्धित सीप भएको प्रमाणपत्र छ । यसरी हेर्दा त लाग्छ नेपाली समाजले सफाइकर्मीहरूलाई हेर्ने दृष्टिकोणमा नै परिवर्तन आएको छ । हिजोको सफाइकर्मीको परिभाषा आज बदलिएको छ ।

**सम्भव छ समाधान**

सरसफाइको बहस नेपालको चुलोचौकादेखि सर्वोच्च निकायसम्म स्थापित गरिसकेपछि अब सफा नेपाल यसरी सम्भव छ भन्ने कुरातिर लागौँ । नेपाल प्राकृतिकरूपमा सफा र उज्यालो छ तर यहाँका धेरैजसो मानवबस्ती भने फोहर र दुर्गन्धित छन् । हामीले स्वीकार गर्नैपर्ने तीतो सत्य हो यो । नेपाललाई अझै पनि सुनको चराको उपमाले चिनाउँदा कुनै गल्ती हुदैन । यहाँका प्राकृतिक वैभव र धर्म संस्कृतिभित्रका रैथाने भाषा, साहित्य एवं पहिचान, अतिथि सत्कार आफैँमा दुर्लभ सौन्दर्य हुन् । तर खानपानदेखि बसाइ व्यवस्थापनसम्मका क्षेत्रमा हामीले सिक्न नपर्ने कुरा विदेशी राष्ट्रहरूको सिको गर्नाले र सिक्नपर्ने कुरा नसिक्नाले हामीले अव्यवस्था र फोहर मात्र निम्त्याएनौँ उल्टै आफ्नोपनबाट नै हामी विमुख हुँदैछौँ ।

हाम्रो देशमा अझै पनि नीति निर्माणको तहमा हेर्ने हो भने सरसफाइलाई पहिलो प्राथमिकतामा राखेर नीति बन्दैनन् । नत यो प्राथमिकताबाट योजना र कार्यक्रमहरु नै बन्छन् । हाम्रो देशको राजधानी, अन्य सहर वा गाउँ होस् वा गल्ली वा इलाका होस्, जहाँ पनि फोहर जथाभावी फालेको पाइन्छ । हाम्रो देशलाई विकासको सूचकाङ्कमा माथि उठाउन नदिने धेरै तत्व र वस्तुहरूमध्ये फोहरको अव्यवस्था पनि एक हो भन्दा फरक पर्दैन । किनभने फोहरकै कारण हामीकहाँ आएका विश्वका महङ्गा र महत्वपूर्ण पाहुनाहरू दोहोऱ्याएर आउन नरूचाएको पनि हुनसक्छ। के यसतर्फ हामीले सोचेका छौँ ? के यस्ता विषयमा अनुसन्धान गर्न हामीले फुर्सद र स्रोत निकाल्न सकेका छौँ ? अहँ, छैनौँ ।

दुःखका साथ भन्नुपर्छ, यहाँ धेरैले धेरै कुरा गरे पनि देशलाई पूर्णतया स्वच्छ बनाउन सफा सपना भयको व्यक्ति अझै भेटिएको छैन । पाँच वर्ष लगातार टिक्न नसकेका हाम्रा दर्जनौँ सरकारले सरसफाइका क्षेत्रमा सामान्य कुरा मात्रै गरेका छन् तर एउटा ठोस काम भने गरेका छैनन् । मलाई लाग्छ आज मैले यसो भन्नु भनेको आरोप नभएर खबरदारी मात्र हो । विगतमा यी विषयमा राष्ट्रियस्तरका योजना नबनेका होइनन् र अभियान नचलेका पनि होइनन । तर यसले निरन्तरता पाएको देखिएन । सहर र बस्तीका हरेक स्थानमा फोहर संकलन गर्ने टोकरी (बिन) राख्ने कुरा गरियो र राखियो पनि । तर त्यो बिनभित्रको फोहर त्यहाँबाट भोलिपल्टै अर्थात् दैनिक हटाउनेबारेमा भने सोचेको देखिएन ।

आज पनि हाम्रो देशका गाउँमा थोरै घरमा मात्रै शौचालयको सुविधा छ । आज पनि मानिस गाउँघरमा दिसा गर्न खुला स्थलमा बाहिर निस्किने चलन कतैकतै देखिएकै छ । प्लास्टिकका झोला र बोटलहरु गाउँघर, खेतीपातीसम्मै पुगेका छन् । सहरको कुरा गर्ने हो भने पर्याप्त सार्वजनिक शौचालय नै छैनन् । शौचालय भए पनि सफा छैनन्, उल्टै रोग भित्र्याउने किराहरु बग्रेल्ती देखिन्छन्। कलकारखानाबाट निस्कने फोहर, ढल, घरेलु फोहर धेरै छ तर यसको लेखाजोखा नै छैन। यस्तो फोहर सडकमा यति धेरैमात्रामा अव्यवस्थित छ कि कतैकतै त हाम्रो देशको सडक नै देखिँदैन, फोहर मात्रै देखिन्छ । त्योभन्दा दुःखको कुरा त यो फोहर हाम्रा पवित्र नदीमा पनि बग्छ । सरकारको अनुहार देखिने सरकारी निकाय वा मन्त्रालय गयौँ भने शौचालय सोध्न पर्दैन, गन्धबाटै भेउ पाउन सकिन्छ । शौचालय दाया कुनामा छ कि बायाँ नाक थाप्दै जाँदा आफैँ भेटिन्छ ।

नेपालमा अर्बौं लगाएर निर्माण भएका भवन उद्घाटन गर्दा थुप्रिएको फोहर अर्को दिनसम्म सफा नभएका उदाहरण पनि धेरै छन् । सत्तामा कसरी पुग्ने भन्ने खेलका समाचारहरु दिनदिनै पढ्न पाइन्छ तर देशको स्वास्थ्य र सभ्यतासँग जोडिएको सरसफाइका बारेमा नेताका एजेन्डा जनताले सुन्न पाएका छैनन् । कतै घोषणापत्रमा सुनेका भए पनि व्यवहारमा देख्न पाएका छैनन् । यस्तो लाग्छ कि नेपालमा सरसफाइ भनेको केही सफाइकर्मीको रोजगारीसँग र केही अभियन्ताको अभियान सँगमात्रै जोडिएको सामान्य विषय मात्र हो । देश सफा गर्ने जिम्मा सफाइकर्मीको मात्र हुँदै होइन । सरकारको नीति र आम नागरिकको भूमिका प्रमुख विषय हुन् । यसका लागि हामीले हाम्रो सोच नै परिवर्तन गर्नुपर्छ । सोच परिवर्तन गर्न सही नीतिका साथ एउटा स्पष्ट योजना र पुग्नुपर्ने लक्ष्य निर्धारित हुन आवश्यक छ । नीति निर्माण गर्दा निर्धारण गरिएका मापदण्डअनुसारको परिणाम देखिनुपर्छ । यी नीतिको अभ्यास नै हुन सकेन, कार्यान्वयनको त झन् के कुरा गर्नु।

**निष्कर्ष : सरसफाइ प्राधिकरण**

सरकार र नागरिकस्तरमा सरसफाइ अभियानहरु उद्देश्य प्राप्त नभएसम्म निरन्तर चलिरहनुपर्छ । त्यसका लागि सरसफाइ मात्रै हेर्ने अधिकार सम्पन्न प्राधिकरण बनाउन आवश्यक छ । उक्त प्राधिकरणले नेपालको सरसफाइको आजसम्मको अवस्थाको मूल्याङ्कन गरेर भविष्यमा नेपालले गर्नुपर्ने स्पष्ट मार्ग चित्र बनाएर लागू गर्नसक्छ । 'सफा नेपाल सम्भव' बनाउन यस विषयका विज्ञ, अभियन्ता र जिम्मेवार सरकारी निकायको सहभागिता रहने उक्त प्राधिकरण बन्नु नै अहिलेको महत्वपूर्ण आवश्यकता हो। यो बनाउन ढिला गर्नु पनि हुँदैन ।

द्वन्द्वपछिको समाजमा एकता, शान्ति र स्थिरता कायम गर्न सत्यनिरूपण तथा मेलमिलाप आयोग बने जस्तै सरसफाइको हिसाबले प्राचीनताबाट आधुनिकतातर्फ गइरहेको नेपाली समाजको सफा मानचित्र निर्माण गर्ने एकमात्र उपाय सरसफाइ प्राधिकरण हो । उक्त प्राधिकरणले माथि देखिएको 'सफा नेपालको सुन्दर सपना' पूरा गर्न कम्तीमा निम्न चार काम गर्नेछ । स्पस्ट सरसफाइ नीति निर्माण, कार्यान्वयनको ठोस विधि र मूर्त संयन्त्र निर्माण, तत्काल कार्यान्वयन र प्रत्यक्ष तथा परिणाममुखी अनुगमन । यी चार कामकाबारेमा विस्तृत् व्याख्या गर्न हामीले समयमात्र लगानी गर्नुभन्दा पनि योजना निर्माणमा लाग्दा सफा नेपाल सम्भव हुनेछ । यी र यस्तै अन्य एजेण्डाहरूमा बहस त हामी गर्ने नै छौँ । तर सफा जमिनमै उभिएर सफा श्वास फेर्दै बहस गर्न पाए कति जाति हुन्थ्यो होला ? रासस

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.9MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

इ.नं. ९४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : | ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति | - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - | ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय | -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - | ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली | - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स | ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी | - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- | ५६०१७६ |
| दमौली अस्पताल, दमौली | - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - | ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, | - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद | ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल | - ५६१८११ | टिकट काउण्टर (माइक्रो), | ५६०९०६ |
| एपोलो एम्बुलेन्स | ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ | - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे | - ५८०००७ | नेकपा तनहुँ | - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. | ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - | ५६००९६ |
| व्यास नगर हस्पिटल : | ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- | ५७०२४० |

धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन स्वास्थ्यको लागि हानिकारक छ ।

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । विभिन्न अवसरले पछ्याउनेछन् ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
आफ्नाबाटै टाढिनुपर्ने स्थिति आउन सक्छ । अवसरका लागि निकै दौडधुप गर्नुपर्नेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
आम्दानी रोकिनाले केही योजना स्थगन हुन सक्छन् । काम बिग्रने भयले पनि सताउनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ । रोग र शत्रुमाथि विजय प्राप्त हुनेछ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
शुभचिन्तकहरु समेत टाढा हुनेछन्। धेरै लगानीपछि कममात्र फाइदा हुनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
भाग्यले विभिन्न अवसर दिलाउनेछ। काम देखाएर फाइदा लिने समय छ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
श्रमको उचित मूल्यांकन हुनेछ। पढाइमा ध्यान केन्द्रित हुनाले प्रगति हुनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
नौलो प्रकृतिको काम शुभारम्भ गर्ने मौका छ । उद्योग र व्यापारमा फाइदा हुनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
पहिलेकै काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ । अध्ययनमा समय दिन नसकिएला ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
अरूको फाइदाका लागि उपयोग भइनेछ भने परिस्थिति आफ्ना लागि अलि प्रतिकूल बन्न सक्छ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
न्यून उपलब्धिमै चित्त बुझाउनुपर्ने समय छ । सामान्य कामलाई पनि निकै मिहिनेत पर्नेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
सञ्चित धनको उपयोग गर्दा फाइदा हुनेछ । छोटो समयमै उपलब्धि हातलागी हुनेछ ।



**कालिका भगवती मन्दिर :** माघको पहिलो शनिबार बागलुङको कालिका भगवती मन्दिरमा दर्शन गर्न आएका भक्तजनको घुइँचो ।
*तस्बिर: रामबहादुर थापा, रासस*

# छन्त्याल सभ्यता र संस्कृतिको दुर्गम गाउँ गुर्जा

**ध्रुवसागर शर्मा**/गलेश्वर

गुजमुज्ज परेका परम्परागत शैलीका घर । मौलिक संस्कृति अनि सोझा, सरल र मिजासिला छन्त्यालको बस्ती भएको म्याग्दीको दुर्गम बस्ती हो गुर्जा । 'टुप्पीदेखि माथि ठाउँ छैन, गुर्जादेखि माथि गाउँ छैन' भन्ने उखानबाट परिचित यो छन्त्याल जातिको ठूलो बस्ती हो । छिमेकी बस्तीबाट हत्तपत्त कोही नपुग्ने यो छन्त्याल जीवन, सभ्यता र संस्कृति हेर्ने सानो आँखी झ्याल हो ।

समुद्र सतहबाट तीन हजार दुई सय २० मिटर उचाइमा अवस्थित यहाँवर्षमा पाँच महिना हिउँ हुन्छ। हिमपातको समयमा गाउँ मानव सम्बन्धबाट विच्छेद हुन्छ । एक सय ४२ घरपरिवारबसोबास गर्छन् यहाँ। सदरमुकाम बेनी बजारदेखि करिब दुईदिनको यात्रामा पुगिने गुर्जामा जडीबुटी, खानी र पर्यटकीय सम्भावनाका अवसर छन्। तर यसको सदुपयोग हुन सकेको छैन। जीविकोपार्जनको एउटै स्रोत भनेको पशुपालन र जडीबुटी हो ।

यहाँ बिखला, चिराइतो, सतुवा, जटामसी, कुट्की, वनलसुन लगायतका जडीबुटी र दुर्लभ मानिएको कार्ज स्टोन (सेतो ढुङ्गो) को खानी रहेको धौलागिरि गाउँपालिका १ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्याल बताउनुहुन्छ। यहाँका जडीबुटीको राम्रो माग रहेकाले प्रशस्त आम्दानी गर्न सकिने सम्भावना रहेको उहाँ बताउनुहुन्छ ।



गुर्जागाउँको प्राकृतिक सुन्दरता, जैविक विविधता, सामाजिक मूल्यमान्यता र पर्यावरणीय शुद्धता पर्यटकका आकर्षण हुन् । वडाध्यक्ष छन्त्यालले भन्नुभयो, "तर आवश्यक प्रचार गरिदिने माध्यम हामीले पाएनौ। नेताहरु चुनावपछि गाउँ विर्सन्छन। यहाँको विकासमा कसैको चासो छैन।"

पशुपालन, रातो च्याउ र गोल्डेन स्याउ, टिमुरको व्यावसायिक खेती, पर्यटन र खानी उत्खनन यहाँका बासिन्दाको आयआर्जनको बलियो माध्यम बन्न सक्ने देखिएको छ । भौगोलिक विकटतालाई कारण बनाएर सरोकारवाला निकाय पन्छिने प्रवृत्ति रहेको स्थानीय जसविर विकले बताउनुभयो ।

गुर्जाको घुर्मखोला र गुर्जा हिमालको फेदमा पहिचानमा आएको पत्थरको खानी आवश्यक उपकरण अभाव, राज्यको अनुमति नहुनु र स्थानीयको उदासीनताले उत्खनन हुन सकेको छैन ।सुन, चाँदीजस्ता बहुमूल्य धातुमा जडान गरी गहना बनाउन प्रयोग हुने यो पत्थरको बजारमा माग छ ।

गुर्जा गाउँदेखि एक दिनको पैदलयात्रामा पुगिने घुर्मखोला वरपरका पहाडमा रातको समयमा बत्ती बालेझैँ गरी टल्कने यो पत्थर म्याग्दीका लागि भिल्लाका देशमा मणिजस्तै बनेको गुर्जाबाट बेनी आएर बसोबास गरेका डकर्मी डेकबहादुर विकले बताउनुभयो । पत्थर उत्खननलाई स्थानीयस्तरबाट सम्भव नभएको र राज्यले चासो नदेखाएकाले अलपत्र परेको धौलागिरि गाउँपालिका-१ गुर्जाका वडअध्यक्ष झकप्रसाद छन्त्याल बताउनुहुन्छ । गुर्जावासीगाई, भैँसी, भैँडापालन गरी मकै, आलु र जौ उत्पादनबाट छ महिना जीविकोपार्जन गर्छन्। बाँकी समय बेसहाराको भरमा जीवन गुजारा गर्नुपर्ने बाध्यतामा छन् । एक माध्यमिक विद्यालय, स्वास्थ्यचौकी, लघुजलविद्युत्को उज्यालो तथा डाटासहितको मोबाइल फोन र डिसहोमबाट सञ्चार प्रविधि भने गुर्जा उक्लेको वडाध्यक्ष छन्त्यालले बताउनुभयो।

विचित्रका हिमाली र पहाडी धरातल, वनस्पति र सामाजिक संस्कृतिले भरिपूर्ण गुर्जा गाउँमा अझै पनि प्राचीन समाजका अवशेष भेट्न पाइन्छरू। जहाँ जे बाली पाक्छ, त्यहीँ नै बसोबास सार्ने परम्परा गुर्जा गाउँमा अझै छरू। गुर्जा गाउँ पछिल्लो समय पर्यटन र जडीबुटीका कारण देश विदेशमा परिचित हुन थालेको छ।

यहाँ यार्सागुम्बा, रातो च्याउ, सतुवा र जडीबुटी मात्रै होइन गत वर्षदेखि इटालियन गोल्डेन स्याउको व्यावसायिक खेतीसमेत सुरू गरिएकाले अहिले गुर्जाको परिचय फेरिएको छ । देशभित्र र विदेशमा गुर्जालाई 'हर्बल हब' भन्न थालिएको वडाध्यक्ष झकबहादुर छन्त्यालले जानकारी दिनुभयो । जिल्लास्थित कृषि ज्ञान केन्द्रको ५० प्रतिशत र धौलागिरि गाउँपालिकाको ७५ प्रतिशत अनुदानमा यहाँका २५ किसानले उक्त स्याउको ८०० बेर्ना लगाएका थिए। गुर्जामा सुरू गरिएको स्याउको व्यावसायिक खेती जिल्लाकै पहिलो हो । राम्रो फल नदिएपछि गुर्जावासीले पुरानो स्याउको बगैँचालाई मासेर विदेशबाट आयातित हाइब्रिड जातको स्याउ लगाएका हुन् ।

गुर्जा गाउँबाट ढोरपाटन, गुर्जा, पुथा र चुरेन हिमालको आधारि शिविरको एउटै पदमार्गबाट रूकुम निक्लने यार्सा पदमार्ग पर्दछ । शिविरबाटै डोल्पा, गुर्जाबाट धौलागिरि आधार शिविरसम्मपुग्न सकिने भएकाले 'एडभेन्चर ट्रेल हब' का रूपमा पनि परिचित हुन थालेको वडाध्यक्ष छन्त्यालले जानकारी दिनुभयो । रासस

## व्यास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

## नगर लोककल्याणकारी सन्देश

मिति २०७९ माघ ६ गते व्यास नगरपालिकाको नियमित बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेको अध्यक्षतामा सम्पन्न भयो । उक्त बैठकमा उप-प्रमुख, प्रमुख प्रसाशकीय अधिकृत, वडा अध्यक्षहरू र कार्यपालिका सदस्यहरूको उपस्थिति भई निम्नलिखित महत्वपुर्ण निर्णयहरू गरियो ।

१) मिति २०७९/०९/२६ गते भएको कार्यपालिका बैठकका नगर सभामा पेश गरीएका प्रस्तावहरू सहितको निर्णयहरूको समिक्षा गरियो ।
२) व्यास नगरपालिका अन्तरगतका जग्गाहरूमा कृषि क्षेत्र र गैह्र कृषि जन्य वर्गीकरण गरिएकोमा अब पुनः भू-उपयोग ऐन अनुसारको गैह्र कृषि क्षेत्रका जग्गाहरूको थप वर्गिकरण गर्न परामर्श सेवा लिने निर्णय गरिन्छ।
३) सडक बोर्ड अन्तर्गत मर्मत संहार गर्नुपर्ने बाटाहरूको प्राप्त स्रोत सिमा भित्र रहि लागत इष्टमेट तयार गरि माघ मसान्त भित्र पेश गर्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।
४) व्यास नगरपालिका भित्रका माध्यमिक विद्यालयमा २०७८/७९ मा SEE परिक्षा दिने विद्यार्थीहरूका गणित, विज्ञान, अग्रेजी विषयको विद्यार्थी विवरण, नतिजाको अवस्था र सम्बन्धित शिक्षकहरूको विवरण १० दिन भित्र पेश गर्न शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।
५) सञ्चारकर्मि सहयोग सम्बन्धी कार्यविधि, २०७९ पारित गर्ने निर्णय गरियो ।
६) व्यास नगरपालिकाले शहीद दिवसको सन्दर्भमा गरिदै आएको मानुङ-पुलिमर्याङ म्याराथन दौड यस वर्ष २०७९ माघ १६ गते स्थानीय जिल्ला बासी धावकहरूको विचमा मात्र मितव्ययी ढंङ्गले गर्ने निर्णय गरियो।
७) व्यास नगरपालिकाको स्थापना दिवस २०७९ चैत्र ३० गते आयोजना गर्ने र उक्त अवसरमा विभिन्न क्षेत्रका उत्कृष्ट योगदानदाताहरूलाई सम्मान गर्ने उप-प्रमुखको अध्यक्षतामा ५ सदस्यीय समिति गठन गर्ने निर्णय गरियो ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) डा. सुशील वि.क.द्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) डिजीटल मेशिनद्वारा एक्स-रे सेवा, ४) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ५) नेबुलाइजर (वाफ) सेवा ६) मुटुको इसिजि सेवा ७) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ८) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ९) अब्जरभेसन सेवा १०) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

## मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.
व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

# सिट बेल्ट नलगाएकामा बेलाइती प्रधानमन्त्रीलाई जरिवाना

**रासस/एएनआई/**लन्डन

बेलाइती प्रहरीले शुक्रबार प्रधानमन्त्री ऋषि सुनकलाई गुडिरहेको कारमा सिट बेल्ट नलगाएकामा जरिवाना गरेको छ। ट्राफिक नियमको उल्लङ्घन गरेको भन्दै प्रधानमन्त्री सुनकको नाम नलिई लन्काशायर प्रहरीले लन्डनका ४२ वर्षीय पुरूषलाई जरिवाना गरेको बताएको छ ।

"लद्रशायरमा गुडिरहेको कारमा यात्रुले सिट बेल्ट नलगाएका लन्डनका ४२ वर्षीय व्यक्तिलाई जरिवाना गरेका छौँ" लेन्काशायर प्रहरीले ट्वीट गरेको छ । उक्त जरिवाना सूचना अनुसार कारबाहीमा परेका व्यक्तिले २८ दिनभित्र सम्बन्धित निकायमा सो जरिवाना तिरिसक्नुपर्नेछ ।

प्रधामन्त्री सुनकलाई ५० पाउण्ड (६२ अमेरिकी डलर) जरिवाना गरिएको बताइएको छ। सामान्यतया सिट बेल्ट नलगाएका यात्रुलाई १०० पाउन्डसम्म जरिवाना गर्न सकिने कानून छ । यदि सोसम्बन्धित मुद्दा अदालतसम्म पुगेमा त्यो जरिबाना बढेर ५०० पाउन्डसम्म पुग्न सक्छ ।

जरिवानाको घोषणा लगत्तै प्रधानमन्त्रीको कार्यालयले विज्ञप्ति जारी गर्दै भनेको छ, "प्रधानमन्त्रीले यो गल्तीलाई पूर्णरुपमा स्वीकार गरेको र माफीसमेत माग्नुभएको छ र आगामी दिनमा नियम पूर्णरुपमा पालना गर्नुहुनेछ ।"

# क्रसर उद्योग बन्दभएपछि ......

ज्वाईलाई हुने रहेछ, नमरिन्जेल सुखदुःख काट्ने भनेका बुढाबुढी नै हुने रहेछ', उनले भनिन्, 'बिहान बेलुकाको छाक टार्नका लागि यो बगरमा चिसोको सकस खेप्दै काम गरिरहेका छौं ।'

बगरको चिसोले घुडादुख्ने, ढाँड दुख्ने, खोकी लाग्ने जस्ता स्वास्थ्य समस्य देखिएको उनी बताउँछिन् । 'बुढाबुढी भइयो अरूले जस्तो चाँडोचाँडो हात चलाउन पनि सक्देनौ', उनले भनिन्, 'कहिलेकाही एकै दिनमा ७ सय रूपैयाँ कमाई हुन्छ कहिले भने २/३ सय रूपैयाँ मात्रै हुन्छ ।'

यस्तै, ठेकेदारले खानी मजदुरसंग खरिद गरेको गिट्टीबालुवा कतिमा बिक्री वितरण गर्छन मजदुरहरूलाई थाहा छैन र उनिहरूले चासो पनि दिंदैनन् । खानीमजुदर बम बहादुर गुरूङ भन्छन् 'हामीलाई काम गर्न दिनुपर्‍यो, महंगि बढ्दो छ तर, हाम्रो ज्याला कहिल्यै बढेन । यस तर्फ नगरपालिका तथा अन्य निकायले अध्ययन, अनुगमन गरी समयानुकुल दररेट तोकिदिए सहज हुने थियो ।'

रातको समयमा ओतका लागि आ-आफ्नो घर, कोठा वा टहरोमा गएपनि दिन यही घाटमा बिताउनेको संख्या सयौंको छ । शुक्लागण्डकी नगरपालिकाले गत हप्ताबाट घाट खुल्ला गरेको छ । घाट खुल्ला गरिएसंगै मजदुरहरू गिट्टीबालुवा उत्खनन् गरी आफ्नो दैनिकी सहज बनाउन लागि परेका छन् ।

स्थानीय पालिकाले नदीजन्य वस्तु उत्खनन् तथा खरिद बिक्रीका लागि ठेक्का लगाउँछन्। घाट ठेक्का लिएका ठेकेदारहरूले यी मजदुरले उत्खनन् गरेको गिट्टीबालुवा एक ट्याक्टरको सात सय रूपैयाँमा खरिद गर्ने गर्छन् । अहिले क्रसर उद्योगहरू बन्द भएको र ब्लक उद्योगहरू र केही साइटमा मात्रै बिक्री वितरण हुने गरेकाले मजदुरमात्र नभई व्यवसायीलाई पनि समस्या पर्ने गरेको व्यवसायी सुमन पुन बताउँछन् ।

नेपालका विभिन्न जिल्लाबाट तनहुँको कोत्रे, नर्सरी, हलेदी, सुरौदी, साँखर, धुनधुरे, किमलडाँडा लगायतका घाटहरूमा काम गर्नका लागि मजदुरहरू आउने गर्दछन्। यीनै घाटमा मजदुरहरूले उत्खनन् गरेको गिट्टीबालुवा खरिद गरी क्रसर उद्योगहरू सञ्चालित छन्।

सयौं मजदुरहरूको गुजरा यहि घाटको बालुवा चालेर चल्ने गरेको छ । पछिल्ला समय क्रसर उद्योगहरूले ठुला ठुला मेशिनको प्रयोग गरी खोलाबाट बालुवा झिक्न थालेपछि रोजीरोटी गुम्ने खतरा बढेको मजदुरहरूको गुनासो पनि छ । यस्ता समस्या र गुनासोलाई समाधान गर्न नगरपालिकाले काम अगाडि बढाएको शुक्लागण्डकी नगरपालिकाका नगरप्रमुख कृष्णराज पण्डित बताउँछन् ।

'क्रसर उद्योग बन्द हुँदा खानीमजदुरलाई खासै समस्य परेको छैन । हामीले सबै घाटहरू सञ्चालनमा ल्याएका छौं । उद्योग बन्द हुँदा नदीजन्य पदार्थ ओसारपोसार गर्ने सवारी चालक तथा त्यससंग जोडिएका मजदुरहरूलाई भने समस्य परेको देखिएको छ', नगरप्रमुख पण्डितले भने, 'सेती नदीको पानी सुक्दै गएपछि शुक्लागण्डकी नगरपालिकाले घाट सञ्चालन गर्न टेण्डर प्रक्रिया अगाडि बढाउछ । नगरपालिकाभित्र ९ वटा घाटहरू छन् । हलेदी घाट, तालाबेशी घाँट, शाँखर घाट, सुरौदी घाट, माथिल्लो किमलडाँडा घाट, तल्लो किमलडाँडा घाट र दुन्दुरे घाट व्यक्तिलाई ठेक्कामा दिइएको छ भने पुर्णिघाट-१ र पुर्णिघाट-२ सडक आयोजनालाई दिइएको छ ।'

कानुन विपरीत ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् तथा दोहन कार्यलाई नियमन गर्न, वातावरण संरक्षण ऐनको पालना र यस सम्बन्धमा अदालतबाट भएको आदेश कार्यान्वयन गराउन जुन पहल भइरहेको छ त्यसलाई छिटो टुङ्गाएर समस्य समाधान गर्नुपर्ने नगरप्रमुख पण्डितले बताए । 'पालिकाभित्र मापदण्ड विपरित सञ्चालित क्रसर उद्योगहरूबाट स्थानीय सरकारले खासै लाभ लिन पनि सकेको छैन', उनले भने, 'नयाँ आएको मापदण्ड हाम्रो जस्तो भौगोलिक संरचनामा त्यति व्यवहारिक नदेखिएकाले यसतर्फ नियमक निकायले ध्यान दिनुपर्दछ।'

यस्तै, सेती नदीमा रहेको ढुङ्गा गिट्टी बालुवालाई सम्बन्धित पालिकाले सहि रूपमा व्यवस्थापन गर्न नसक्दा आन्तरिक आय पनि गुमाएका छन् । घाट खुलाउने कार्यलाई व्यवस्थापन नगरिदा मजदुरहरू शोषित पीडित बन्नुपरेको छ । उनीहरूले चालेका बालुवा कतिमा लगेर कतिमा बिक्री हुन्छ ? यसको अनुगमन तथा निग्रानी सम्बन्धित निकायले गरी मजदुरको श्रमको उचित मूल्य तोकिदिएमा गरिखाने वर्गलाई थप राहत मिल्ने देखिन्छ ।

www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com,

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**छाब्दीवाराही मन्दिर** : तनहुँको व्यास नगरपालिका-१४ मा अवस्थित प्रसिद्ध छाब्दीवाराही मन्दिर । मनले चिताएको पूरा हुने धार्मिक विश्वासकासाथ यहाँ विभिन्न जिल्लाबाट भक्तजन आउने गर्छन् । *तस्बिर : भञ्ज्याङ*

facebook twitter



**जीवन के.सी**
twitter.com/KcJivan1
औसतमा (गुण, दोष) हेर्ने हो भने मान्छेहरू सबै उस्तै उस्तै नै हुन्छन । तर हाम्रो मनोबिज्ञान यसरी संस्थागत भैइसकेको छ कि आफ्नो प्रसंशा गर्ने मान्छे मात्र प्रिय, आफुलाई सहयोग गरेको मान्छे मात्र सक्षम, काम लिनु पर्ने मान्छे मात्र काही नभएको महान लाग्ने गर्दछ ।



**मदन मोहन**
twitter.com/Madankkharel
जिवन आफैँमा एक आकस्मिकता र शंभावनाको खेल हो, प्राप्त हुन्छ भनेर विश्वास गरिएको उपलब्धि पनि गुम्न सक्छ भने गुम्ने नै भो भनेका उपलब्धि पनि हात पर्न सक्छ, तसर्थ कहिल्यै निराश नबनौं अनि कहिल्यै कर्तव्यवाट विचलित नबनौं..!



**सानी**
twitter.com/sani_sharma1
आफ्ना कमिजोरिलाई अरूका सामु सकेसम्म खोल्नु हुँदैन किनभने आपसी मित्रता छँदा सम्म मात्र हो नि बिचरा यस्तो गर्नुपर्छ भनेर राय सल्लाह सुझाब दिए झैँ गर्ने तर जब सम्बन्धमा खटपट सुरू हुन्छ नि त्यहि कुरालाई हतियार बनाई प्रहार गर्छन् त्यसैले सकेसम्म विश्वास भनेको आफैलाई मात्र गर्नुपर्छ !



**निलम्बर आचार्य**
twitter.com/nilacharya
मनमा लाग्छ मानिसले सराहना गरून्, कसैले दुर्वचन नबोलोस् । मनमा लाग्छ सराहनीय काम गर्न सकूँ, मुखबाट दुर्वचन ननिस्कोस् । जीवन सधैं एकनास हुँदैन, तर कर्मपथ सधैं रहिरहोस् ।

# तस्बिरमा उहिलेको पोखरा

**रामबहादुर थापा**/गण्डकी

कुनै तस्बिर यस्ता हुन्छन् जसले मानिसलाई पुरानो समयतिर लैजान्छ । जारी पोखरा महोत्सव छिर्नेबित्तिकै दायाँपट्टि त्यस्तै तस्बिरको प्रदर्शनी कक्ष भेटिन्छ । भित्तामा लहरै झुण्डाइएका तस्बिरले उहिलेको पोखरासँग साक्षात्कार गराउँछ । शुक्रबार प्रर्दशनी कक्षमा पुगेकी अस्मि गुरूङका आँखा एउटा तस्बिरमा टक्क अडिए। किशोरावस्थाकी उहाँ केहीबेर त्यसमै रोकिनुभयो। जाङ्गे र कमिजमा खाली खुट्टा चौरमा उभिएका बालबालिकाको तस्बिरले गुरूङको ध्यान तान्यो।

उबेलाको विद्यालय र बालबालिकाको अवस्था झल्काउने त्यो तस्बिरले मन छोएको उहाँले सुनाउनुभयो । तस्बिर विसं २०१९ तिरको हो । खरको झुपडीबाट चलेको पोखराको अमरसिँह स्कुलको दृश्यलाई अमेरिकी नागरिक डगलस बिङ्गमले खिच्नुभएको थियो । प्रदर्शनीमा ७० वर्षअघिको तालबाराही मन्दिरदेखि पोखरामा पहिलोपटक बस आउँदासम्मका तस्बिर राखिएका छन् । उहिलेको पोखरा कस्तो थियो ? संस्कृति, रहनसहन के थिए ? मानिसहरु के गर्थे ? समाज कस्तो थियो ? तस्बिर आफै बोल्छन् ।

तस्बिरमा उबेलाको फेवा, बेगनास र रूपातालको स्वरूप हेर्दा जोकोहीलाई अनौठो प्रतित हुन्छ । विसं २०२६ मा पोखरा विमानस्थल बन्दा काममा खट्ने श्रमजीवी, विसं २०१९ तिर बाँसको पुलबाट सेती नदी तरिरहेका महिलाहरु, त्यसबेला पोखरामा चल्ने गोरूगाडा आदिका दृश्यले मनलाई उद्धेलित पार्छ ।

तस्बिरले आजको उन्नत, विकसित र झकिझकाउ पोखराभन्दा दशकौँअघिको पोखरातिर मानिसलाई पुर्‍याउँछ। पोखराकै सुनील उलकले संकलन गरेका तस्बिरलाई प्रर्दशनीमा राखिएको महोत्सव आयोजक यूनाइटेड क्लबका अध्यक्ष राजु श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार विदेशी र नेपालीले खिचेका तस्बिर प्रदर्शनीमा छन् ।

"महोत्सवमा आउने दर्शकले तस्बिर प्रर्दशनीलाई पनि चाखपूर्वक अवलोकन गर्छन्, ऐतिहासिक तस्बिर राखिएकाले प्रदर्शनीले



महत्व पाएको हो", उहाँले भन्नुभयो। अवलोकनकर्ताले प्रदर्शनीमा राखिएका तस्बिरलाई क्यामेरा, मोबाइलमा कैद गर्न भने पाउँदैनन्।

तस्बिर संकलक उलकले विदेशीसहित आफ्नो बुबा जगन्नाथले खिचेका तस्बिर प्रर्दशनीमा राखिएको बताउनुभयो। जगन्नाथलाई पोखराको पहिलो फोटोग्राफरका रुपमासमेत चिनिन्छ। सन् १९६५ मा पहिलोपटक नेपाल आउनुभएका अमेरिकी नागरिक डग हलबाट उहाँले तस्बिर खिच्न सिक्नुभएको थियो । 'अमेरिकी पिस कोर भोलिन्टियर'का रूमा हल नेपाल आउनुभएको थियो । त्योबेला नेपालका धेरै ठाउँ पुगेर उहाँले तस्बिर खिच्नुभएको थियो। प्रर्दशनीमा राखिएकामध्ये विदेशीले खिचेका तस्बिर रङ्गीन छन् भने नेपालीका श्यामश्वेत ।

"आजभन्दा ६०/७० वर्षअघिको पोखराको समाज, भूगोल, संस्कृति र रीतिरिवाजको झल्को तस्बिरहरुमा छ", उलकले भन्नुभयो, "यी तस्बिर हाम्रा अमूल्य पूँजी हुन्, इतिहासका साक्षी हुन्, यिनले भावी पुस्तालाई पुरानो नेपाल चिनाउँछन् ।"

प्रदर्शनीमा विख्यात भुभर्गविद् टोनी हेगनले खिचेको तस्बिरसमेत राखिएको छ । "उहिलेको पोखरा झल्काउने ३८ फोटो मात्र प्रदर्शनीमा छन्, धेरै तस्बिर अमेरिकी पिस कोर भोलिन्टियरले खिचेका छन्, केही तस्बिर मेरो बुबाका पनि छन्", उलकले भन्नुभयो । उलकसँग पोखरासँग सम्बन्धित दस हजार तस्बिर सङ्ग्रहित छन् । शुक्रबारदेखि काठमाडौँस्थित सैनिक मुख्यालयमा चलिरहेको तस्बिर प्रदर्शनीमा पनि आफूले संकलन गरेका सैनिकसँग सम्बन्धित तस्बिर राखिएको उहाँको भनाइ छ ।

गत पुस २७ गतेदेखि सुरू भएको एघारौँ संस्करणको पोखरा महोत्सव आउँदो सोमबार सकिँदैछ। महोत्सवमा कृषि, औद्यागिक उत्पादन, सूचना प्रविधिका सामग्रीको प्रदर्शन र बिक्रीकक्ष पनि राखिएको छ । रमाइलो बाल उद्यान, कलाकारको साङ्गीतिक प्रस्तुति, लोकनृत्य, हाँस्यव्यङ्ग्य प्रहसन, घोडा सवार लगायतले मेलामा आकर्षण बढाएको छ ।

महोत्सवको आम्दानीलाई सेती नदीको संरक्षण, पर्यटन प्रवर्द्धन र न्यून आय भएका परिवारका बालबालिकालाई लक्ष्य गरी आवासीय छात्राबास निर्माणमा लगाइने आयोजकले जनाएको छ । महोत्वमा बिक्री हुने प्रत्येक टिकटबाट रू एक सेती नदी संरक्षणका नाममा छुट्याइने क्लबका अध्यक्ष श्रेष्ठले बताउनुभयो । महोत्सवमा दुई सय ५८ व्यावसायिक कक्ष छन्। तेह्र दिनसम्म चल्ने महोत्सवलाई दुई लाख बढी दर्शकले अवलोकन गर्ने आकलन गरिएको छ । रासस

# एसईई परीक्षा दिने विद्यार्थीको .........

गत वर्ष आयोजित प्रतियोगिताको उपाधि नेपाली सेनाका बेदबहादुर सुनुवारले जितेका थिए। गत वर्ष आयोजित प्रतियोगिताको पहिलो पुरस्कार राशि ८७ हजार ७८ रूपैयाँ प्रदान गरिएको थियो । नगरपालिकाले म्याराथनलाई पर्यटन प्रबर्द्धनसँग जोड्न खोजेको छ । मगर र गुरूङ गाउँलाई खेलकुदबाट जोडेर प्रचारप्रसार गर्ने उद्देश्य राखिएको नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताए।

व्यास नगरपालिका-५ मानहुँबाट शुरू हुने म्याराथन व्यास नगरपालिका-८ पुलिमराङसम्म ४४ किमी दूरीको छ । म्याराथन मानहुँकोट सिद्ध मार्ग हुँदै अलैचे-चापाघाट-अनसन चौतारी-सफासडक-भोर्लेटार चोक-बैरेनी-दुम्सी-कलेस्ती-पाथ्रा-सत्रसय-बानियाँ डिही-बर्लाची-सोतीवेशी-बगुवा रिस्ती-बाहुन पोखरा हुँदै पुलिमराङमा पुगेर सकिनेछ ।

यस्तै, नगरपालिकाले चैत ३० गते स्थापना दिवस मनाउने निर्णय गरेको छ । कार्यपालिकाको बैठकले स्थापना दिवसका अवसरमा विभिन्न क्षेत्रका उत्कृष्ट योगदानदातालाई सम्मान गर्न उपप्रमुख इन्दिरा दरैको अध्यक्षतामा पाँच सदस्यीय समिति गठन गर्ने भएको छ ।

बैठकले सञ्चारकर्मी सहयोग सम्बन्धी कार्यविधि, २०७९ पारित गर्ने निर्णय गरेको छ । सडक बोर्ड अन्तर्गत मर्मतसम्भार गर्नुपर्ने बाटोहरूको प्राप्त स्रोत सीमाभित्र रही लगत इष्टमेट तयार गरी माघ मसान्तभित्र पेश गर्न सम्बन्धित शाखाहरूलाई निर्देशन दिने निर्णय बैठकले गरेको छ ।

# भजन संकृतन समूहमा गौतम

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको व्यास-५ मा रहेको भजन संकृतन समूहद्वारा संचालित दिवाकालिन ज्येष्ठ नागरिक आश्रमको अध्यक्षमा विष्णु गौतम चयन भएका छन् । संस्थाको पाँचौ साधारण सभा एवं तेश्रो अधिवेशनले अध्यक्षमा गौतमलाई सर्वसम्मत चयन गरेको हो । कार्यवाहक अध्यक्ष गौतमको अध्यक्षतामा सम्पन्न भएको पाँचौ साधारण सभा एवं तेश्रो अधिवेशनमा वयोवृद्ध मानसिंह थापाले कार्यक्रमको शुभारम्भ गरेका थिए ।



अधिवेशनले उपाध्यक्षमा आईतमाया थापा, सचिवमा शरण खनाल, सहसचिवमा प्रतिमा श्रेष्ठ, कोषाध्यक्षमा सुरेन्द्र खनाल, सह कोषाध्यक्षमा पदम कुमार श्रेष्ठलाई चयन गरेको छ भने सदस्यहरूमा तेजप्रसाद अधिकारी, खुमा थापा, राजकुमार श्रेष्ठ, रोशन खनाल, शोभा खनाल, दिलमाया आले, र अमृता खनाललाई सर्वसम्मत रूपमा चयन गरेको छ ।

नवनिर्वाचित अध्यक्ष गौतमले सबैको साथ र सहयोगले यो सस्था यहाँसम्म आईपुगेको हुँदा संस्थाको आवश्यकता र मर्म अनुसार काम गर्ने बताए ।

# इन्दिरा राना उपसभामुख .........

क्रममा जेलमा बस्नुपर्ने विवशतामा रहेका सयौं बालबालिकाको उद्धार गरिएको बताउँछिन्। कोभिड महामारीका बेला उनले कैयौं दिन आम्दानीको अभावमा भोका परेका सयौं मानिसहरूलाई खानाको व्यवस्था गरेकी थिइन्।

**उपसभामुखको भूमिका कस्तो हुन्छ ?**

उपसभामुखमा प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले पनि दाबेदारी गरेको थियो । उपसभामुखमा प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले पनि दाबेदारी गरेको थियो । सभामुखको अनुपस्थितिमा उपसभामुखले प्रतिनिधिसभाको अध्यक्षता गर्नुपर्नेछ। नेपालको संविधानका अनुसार सभामुखले पद अनुकूलको आचरण नगरेको भन्ने प्रस्ताव उठेमा त्यस उपरको छलफलमा त्यसको अध्यक्षता उपसभामुखले गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी प्रधानन्यायाधीश र संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीहरुको नियुक्तिको सिफारिस गर्ने संवैधानिक परिषद्मा समेत उपसभामुख सदस्य रहने व्यवस्था संविधानले गरेको छ। राजनीतिक दलको उम्मेदवार भए तापनि पदभार ग्रहणपछि सभामुख र उपसभामुख दुवै राजनीतिक रुपमा तटस्थ हैसियतमा हुनेछन् ।

**हालसम्म को को महिला उपसभामुख र उपाध्यक्ष चुनिए**

सांसद निर्वाचित भएको पहिलो कार्यकालमा नै राना उपसभामुख चुनिएकी हुन् । नेपालको संसदीय इतिहासमा एक पटक मात्रै महिलाले सभामुखको भूमिका पाएका छन् भने पटकपटक महिलाहरु विधायीकी निकायको उपसभामुख वा उपाध्यक्ष चुनिएका छन् । यसअघिका दुई उपसभामुख नेपाली कांग्रेसकी पुष्पा भुसाल र नेकपा एमालेकी शिवमाया तुम्बाहाम्फे थिए । सुरूमा संविधानसभाकी उपाध्यक्ष रहेकी माओवादी केन्द्रकी नेतृ ओनसरी घर्ती संविधानसभाबाट संविधान जारी भएपछि रुपान्तरित प्रतिनिधिसभाको सभामुख बनेकी थिइन्।

संविधानसभाको पहिलो कार्यकालमा माओवादीकी पूर्णकुमारी सुवेदी उपाध्यक्ष निर्वाचित भएकी थिइन्। बहुदलीय व्यवस्था पुनर्बहाली भएपछि पहिलो पटक निर्वाचित प्रतिनिधिसभामा हाल लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष रहेका महन्थ ठाकुर पहिलो पटक उपसभामुख बनेका थिए । संसद्को पहिलो महिला उपसभामुख लिलासुब्बा श्रेष्ठ हुन् जो नेकपा एमालेकी सांसद थिइन्। नेपाली कांग्रेसकी नेतृ चित्रलेखा यादवले २०५६ सालदेखि २०६३ सालसम्म उपसभामुखको भूमिका निर्वाह गरेकी थिइन्। यादव उपसभामुख रहँदै राजा ज्ञानेन्द्रले सत्ता हातमा लिएका थिए। र दोस्रो जनआन्दोलनपछि पुर्नस्थापित संसद्मा उनको भूमिकाले निरन्तरता पाएको थिए । राष्ट्रिय सभाको उपाध्यक्षमा २०७४ साल चैतदेखि २०७८ साल फाल्गुनसम्म शशिकला दाहाल रहेकी थिइन् । पहिलो राष्ट्रिय सभाको उपाध्यक्ष पनि महिला रहेको इतिहास छ । विक्रम संवत् २०१६ साल साउनदेखि २०१७ साल पुससम्म कमल राणा राष्ट्रिय सभाको उपाध्यक्ष रहेकी थिइन् ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४